बैठक संख्याः ४८ मितिः २०८२।०२।०७ समयः विहान ८:०० बजे

आज मिति २०८२।०२।०७ गते गुराँस गाउँपालिका दैलेखको ४८औ कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री टोप बहादुर वि.सी. ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका प्रस्तावहरुमाथि निर्णय गरी पारीत गरीयो ।

तपसिलः

| | |
|---|---|
| श्री टोप बहादुर वि.सी. | - गाउँपालिपालिका अध्यक्ष |
| श्री शिवा कुमारी खड्का | - गाउँपालिपालिका उपाध्यक्ष |
| श्री धर्म बहादुर रावल | - वडा अध्यक्ष वडा न. १ |
| श्री शेर बहादुर रावल | - वडा अध्यक्ष वडा न. २ |
| श्री काँशीराम शर्मा | - वडा अध्यक्ष वडा न. ३ |
| श्री खड्क बहादुर शाही | - वडा अध्यक्ष वडा न. ४ |
| श्री भुपेन्द्र बहादुर चन्द | - वडा अध्यक्ष वडा न. ५ |
| श्री चन्द्र बहादुर राना | - वडा अध्यक्ष वडा न. ६ |
| श्री नन्द बहादुर वि.सी. | - वडा अध्यक्ष वडा न. ७ |
| श्री दिपेन्द्र वली | - वडा अध्यक्ष वडा न. ८ |
| श्री अमृता कुमारी वि.सी. | - कार्यपालिका सदस्य |
| श्री विर्मा वि.क. | - कार्यपालिका सदस्य |
| श्री पम्फि वि.क. | - कार्यपालिका सदस्य |
| श्री भुमीसरा वली | - कार्यपालिका सदस्य |
| श्री कुलविर वि.क. | - कार्यपालिका सदस्य |
| श्री सम्झना कुमारी वुढा | - कार्यपालिका सदस्य |
| श्री दिल बहादुर पौडेल | - प्रमुख प्रशासकिय अधिकृत (सचिव) |

सहयोगी

| | |
|---|---|
| १ खेमराज उपाध्याय | सहायक पाँचौ |
| २ पुर्ण बहादुर वली | सचिवालय सहयोगी |
| ३ खगीसरा बि क | का स |

प्रस्तावहरु:

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. हाल सम्मको कार्यप्रगती र कार्य योजना सम्वन्धमा ।
३. विभिन्न समितिका निर्णय अनुमोदन सम्वन्धमा ।
४. सर्वोच्च अदालतमा लिखित जवाफ दिनका लागि अख्तियारी प्रदान सम्बन्धमा ।
५. प्रदेशस्तरका सशर्त योजना माग गर्ने सम्बन्धमा ।
६. मुख्यमन्त्रि रोजगार कार्यक्रमका योजना अनुमोदन सम्वन्धमा ।
७. आगामी आ.व.२०८२।०८३ को बजेट निति तथा कायार्मक्रम तर्जुमा सम्बन्धमा ।
८. सहकर्मे समाज संग कार्यक्रम संचानल सम्झौता सम्वन्धमा ।
९. कार्यविधि पारीत सम्वन्धमा ।
१०. आर्थिक सहायता रकम भुक्तानी सम्बन्धमा ।
११. पूर्ण सरसफाई कार्यक्रम संचालन सम्वन्धमा ।
१२. स्वयम्सेवक सहजकर्ताहरुको नियुक्ति सम्वन्धमा ।
१३. वडा र स्वास्थ्य सस्थाहरुको सोलार इन्भटर मर्मत सम्बन्धमा ।
१४. कृषि फर्म घोडाबासको जग्गा भाडा भुक्तानी सम्बन्धमा ।
१५. बाझो जमिन उपयोग कृषि अनुदान रकम उपलब्धता सम्बन्धमा
१६. विविध

क) एम्वुलेन्स हस्तान्तरण र संचालन सम्बन्धमा ।
ख) कर्णाली उत्सव र कर्णाली छोरी सम्मेलन र सिकाइ आदानप्रदन कार्यक्रमको रकम भुक्तानी सम्वन्धमा ।
ग) पाइप र जालीका लागि माग संकलन र सामान खरिद सम्वन्धमा ।
घ) गुराँस भलिवल कप प्रतियोगिता संचालन सम्वन्धमा ।
ङ) अनुदान आलु विउको ढुवानी रकम भुक्तानी सम्वन्धमा ।
च) गत आ.व.मा भएको सामान ढुवानी अनुदान भुक्तानी सम्वन्धमा ।
छ) जिल्ला खानेपानी अर्न्तगत भिउचुला लिफ्टीङ खानेपानी योजना संचालन सम्वन्धमा ।
ज) पर्यटकिय मार्ग र वगैचा निर्माणको DPR निर्माण सम्वन्धमा ।
झ) गुराँस निर्माण सेवालाई (कृष्ण गिरी)भुक्तानी हुन बाँकी रकम भुक्तानी गर्ने सम्वन्धमा ।
ञ) योजना शिर्षक परीवर्तन र रकमान्तर सम्वन्धमा ।
ट) ठेक्का म्याद थप सम्वन्धमा ।
ठ) भगवती प्रा.वि.को जग्गा प्राप्ती सम्वन्धमा ।

टोप बहादुर बि.सी.
अध्यक्ष

निर्णयहरु :

**निर्णय नं. १:**

प्रस्ताव नं १ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको ४७ औं वैठकले गरेका निर्णयहरु कार्यान्वयन सम्वन्धमा समिक्षा गर्दा उक्त बैठकमा भएका ९ वटा निर्णहरु मध्ये धेरै निर्णयहरु पुर्ण कार्यान्वयन भएको र वाँकी कार्यान्वयनको क्रममा रहेका तथा कार्यान्वयन नभएका ३ वटा निर्णयहरु जेठ मसान्त सम्म पूर्ण रुपमा कार्यान्वयन गर्न निर्देशन दिने निर्णय गरीयो ।

**निर्णय नं. २:** प्रस्ताव नं २ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१।०८२ मा संचालित विभिन्न कार्यक्रम तथा योजनाहरुको कार्यान्वयनका सम्वन्धमा छलफल गर्दा तोकिए बमोजिमका योजना तथा कार्यक्रमहरु मध्ये केहि कार्यक्रमहरु सम्पन्न भएका तथा योजनाहरु संचालनका सम्बन्धमा सम्बन्धीत विषगत शाखाहरुवाट सम्पादन हुने कामहरु प्रभावकारी रुपमा सम्पन्न नभएको भनि कार्यपालिका सदस्यज्युहरुवाट कार्य संग सम्बन्धीत प्रस्तावहरु पेश गरेकाले सम्पादन हुन वाँकी रहेका योजना तथा कार्यक्रमहरु तोकिएको समयमै गुणस्तरीय कार्य सम्पादन गर्न गरी निर्देशन दिने निर्णय गरीयो ।

**निर्णय नं. ३:** प्रस्ताव नं ३ माथि छलफल गर्दा गुराँस गाउँपालिका गाउँ कार्यापालिका अर्न्तरगत क्रियाशिल विषयगत समितिहरुले गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम कार्यन्वयनका गर्नका लागि निर्णय गरी कार्यान्वयन गरीएका सबै विषगत समितिहरुका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ४:** प्रस्ताव नं ४ माथि छलफल गर्दा गुराँस गाउँपालिका र गाउकार्यपालिकाको कार्यालय समेतलाई विपक्षी वनाई सम्मानित सर्वोच्च अदालतमा हेम बहादुर गुरुङ्ग समेत ३ जनाले दायर गरेको उत्प्रेसण नं. ०८१-WO-११२७ को मुद्दामा लिखित जवाफ पेश गरी वारेस नियुक्ति गर्न, कानुन व्यावसायि नियुक्ति लगाएत जो जे गर्नु पर्ने हो सो गर्न गुराँस गाँउपालिका गाउँकार्यपालिकाका अध्यक्ष श्री टोप बहादुर वि.सी.लाई अख्तियारी दिने निर्णय गरीयो ।

टोप बहादुर वि.सी.
अध्यक्ष

**निर्णय नं. ५:** प्रस्ताव नं ५ माथि छलफल गर्दा आगामी आर्थिक वर्ष २०८२।०८३ मा गुराँस गाउँपालिकामा संचालन गरीने प्रदेश स्तरीय योजनाहरु माग गर्नका लागि तोकिएको योजना तर्जुमा कार्यविधि तथा मापदण्ड अनुसार वडा स्तरवाट प्राप्त योजनाहरुलाई प्राथमिकताका आधारमा प्रदेशस्तरका सशर्त योजनामा समावेश हुनेगरी गरी योजना माग गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ६:** प्रस्ताव नं ६ माथि छलफल गर्दा गुराँस गाउँपालिकाका वडास्तरमा आगामि आर्थिक वर्ष २०८२।०८३ मा संचालन हुनेगरी वडा स्तरवाट माग भएका मुख्यमन्त्री रोजगार कार्यक्रम अर्न्तरगतका योजनाहरु अनुमोदन गरी योजना समावेशका लागि पठाउने निर्णय पारीत गरीयो ।

**निर्णय नं. ७:** प्रस्ताव नं ७ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको आगामी आर्थिक वर्षको बजेट निति तथा कार्यक्रम तर्जुमा गर्नका लागि सबै विषयगत समितिहरुलाई अनुरोध गर्ने र उल्लेखित बजेट निति तथा कार्यक्रम तर्जुमा गर्न गुराँस गाउँपालिकाका अध्यक्ष,उपाध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतलाई जिम्मेवारी प्रदान गर्ने निर्णय पारीत गरीयो साथै गुराँस गाउँपालिका गाउँसभाको १६औं अधिवेशन यहि मिति २०८२ असार ६ र ७ गते संचालन गर्ने निर्णय गरीयो ।

**निर्णय नं.८:** प्रस्ताव नं ८ माथि छलफल गर्दा गुराँस गाउँपालिका दैलेखमा टोल विकास समिति मार्फत सामाजिक रुपान्तरण कार्यक्रम संचालन गर्न गुराँस गाउँपालिका र सहकर्मी समाज संग भएको नितिगत र कार्यगत संझौता बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने निर्णय पारीत गरीयो ।

**निर्णय नं. ९:** प्रस्ताव नं ९ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको वार्षिक स्वीकृत निति तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक विषयगत समिति वाट स्वीकृतिका लागि पेश भएका तपसिलका कार्यविधिहरु परीत गर्ने निर्णय गरीयो ।

क) टोलविकास संस्था गठन र परिचालनका व्यवस्थापन कार्यविधि, २०८२

ख) पूर्ण सरसफाइ तथा स्वच्छ गुराँस कार्यक्रम संचालन कार्यविधि, २०८२

ग) शव बहान  संचालन कार्यविधि, २०८२,

घ) निशुल्क एम्बुलेन्स र शव बहान संचालन कार्यविधि, २०८२

टोप बहादुर बि.सी.
अध्यक्ष

गुराँस गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश नेपाल
२०७३

ङ) भुमि समस्या समाधान तथा संचालन कार्यविधि, २०८२

**निर्णय नं. १०:** प्रस्ताव नं १० माथि छलफल गर्दा गुराँस गाउँपालिकाका ८ वटै वडाहरुवाट वडाको सिफारीस सहित भौतिक तथा दैविक विपदमा परेका र उपचार र जिवन रक्षाका लागि आर्थिक सहायता पउ भनि आर्थिक सहायता माग भएका निवेदनहरुलाई कोषको अवस्था र आर्थिक सहायता मागको गम्भीर्यता हेरी आर्थिक सहायता वितरण कार्यविधिको अधिनमा रहि कार्यविधिमा आधारीत आर्थिक सहायता रकम उपलब्ध गराउने निर्णय पारीत गरीयो ।

**निर्णय नं. ११:** प्रस्ताव नं ११ माथि छलफल गर्दा गुराँस गाउँपालिकाकाको वडा नं ८ मा गुराँस गाउँपालिका र हेल्भेटास, सोसेक नेपाल विच भएको संझौता अनुसारको गाउँपालिकाको एक घर एक धारा कार्यक्रम अन्तरगत एक घर एक धारा निर्माण लगाएत सरसफाइका सबै मापदण्ड पुरा भैसकेकाले **पुर्ण सरसफाई वडा घोषणा कार्यक्रम** संचालनका लागि आवश्यक समन्वय गरी गाउँपालिकाको तर्फवाट उल्लेखति कार्यक्रम संचालन गर्ने निर्णय गरीयो साथै उक्त कार्यक्रम संचालन वापतको खर्च रकम गाउँपालिकाको तर्फवाट भुक्तानी दिने निर्णय गरीयो ।

**निर्णय नं. १२:** प्रस्ताव नं १२ माथि छलफल गर्दा गुराँस गाउँपालिकाका र सहकर्मी समाज विच भएको कार्य संचालन संझौता तथा सहमति अनुसार पूर्व निर्धारीत समयमा विषयगत तालिममा सहभागि भई तालिम उर्त्तिण भएका योग्य स्वयमसेवक सहजकर्ताहरुलाई सोहि प्रकृतिका कार्यक्रममा हालको स्वयमसेवाको अवधिको मुल्यांकन हुने गरी अर्को व्यवस्था नभए सम्म सामाजिक परिचालनका काममा लगाउने टोल विकास संस्था गठन परिचालन र व्यवस्थापन गर्न सामाजिक परिचालनको आधारभुत रुपान्तरण तालिम लिएका स्वयम्सेवकहरुलाई स्वयम् सेवा अवधि पछी आवश्यक प्रक्रिया पुरा गरी स्वयम्सेवि सहजकर्ताको रुपमा नियुक्ति प्रदान गरी काममा लगाउने निर्णय गरीयो ।

**निर्णय नं. १३:** प्रस्ताव नं १३ माथि छलफल गर्दा गुराँस गाउँपालिकामा रहेका वडा कार्यालयहरु स्वास्थ्य सस्थाहरु र गुराँस अस्पतालमा रहेका सोलार र इन्भटरहरु पुराना मर्मत गर्नुपर्ने भई सेवा प्रवाहमा कठीनाइ भएको कुरा सम्वन्धीत शाखा र वडा कार्यालयहरुवाट लेखि आएकाले चालु आर्थिक वर्षका लागि

टोप बहादुर वि.सी.
अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
रतिमाला, दैलेख
कर्णाली प्रदेश नेपाल
२०७३

छुट्टाईएको रकम वा वडा व्यवस्थापन खर्चवाट व्यवस्थापन गरीएको रकम वा गाउपालिकाको अन्य शिर्षकवाट भुक्तानी गर्न सम्भव हुने भए अति आवश्यकीय निकायहरुको प्राथमिकिकरण गरी कार्यसंचलनका लागि तत्काकालाई सहजिकरण हुने गरी मर्मत कार्य गर्न निर्देशन दिने निर्णय गरीयो ।

**निर्णय नं. १४:** प्रस्ताव नं १४ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको कृषि तथा पशु पंछी विकास शाखा रहेको स्थानको जमीनको जग्गा भाडा विगत २ वर्ष देखि कार्यालयबाट भुक्तानी नभएकाले सम्बन्धीत जग्गा धनिहरुले भाडा नपाएको विषयमा उल्लेखित कृषि तथा पशु पंछी विकास शाखामा ताला बन्दी गरेकाले उल्लेखित स्थानमा संचालनमा रहेको घोडावास कृषि फर्मको स्वामीत्व ग्रहण गर्दाका वखत भएको जग्गा भाडाको सहमति सम्झौताका अवधिकै आधारमा जग्गा भाडा भुक्तानी दिने निर्णय गरीयो ।

**निर्णय नं. १५:** प्रस्ताव नं १५ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको बाझो जमिन उपयोगका लागि कृषक प्रोत्सहान कार्यक्रम अन्तरगत बाझो जमिन उपयोग कार्यविधिको अधिनमा रहि प्रकाशित सुचना अनुसार प्राप्त निवेदनहरुको कार्यान्वयनका सम्बन्धमा निवेदन र जग्गाको क्षेत्रफलको अनुपातका आधार बनाई अनुदान रकम वितरण गरी बाझो जमिन उपयोग गर्ने कार्ययोजनाका आधारमा कृषकहरुलाई प्रोत्सहान गर्ने निर्णय पारीत गरीयो ।

**निर्णय नं. १६ विविध को क** प्रस्ताव माथि छलफल गर्दा गुराँस गाउँपालिका वडा नं ८ को धरमपोखरा स्वा.चौकीका लागि वडा कार्यालय सम्बद्ध वडा नं ८ का नागरीकहरुको सहभागिता र गुराँस गाउँपालिकाको आर्थिक सहयोगमा खरिद भएको एम्बुलेन्स सोहि वडाको प्रत्यक्ष व्यवस्थापन, संरक्षण तथा गाउपालिकाको समन्वयमा संचालन सम्बन्धी सम्पुर्ण जिम्मेवारी सहित एम्बुलेन्स सन्चालन गर्न धरमपोखरा स्वास्थ्य चौकिलाई एम्बुलेन्स हस्तान्तरण गर्ने निर्णय गरीयो ।

**निर्णय नं. १६ विविध को ख** प्रस्ताव माथि छलफल गर्दा गुराँस गाउँपालिका जनप्रतिनिधिहरु सहभागि भएको  कर्णाली पर्यटन उत्सव कार्यक्रम, अन्तर पालिका संम्वाद अन्तरगत मुगु , जुम्ला लगाएत बर्दिया र कैलाली जिल्लामा भएको कार्यक्रम सहभागिता सम्वन्धी यातायात लगाएतका सबै खर्च, कर्णाली छोरी सम्मेलनमा भएको कार्यक्रम सम्वद्ध खर्च र पालिका स्तरीय जनप्रतिनिधिहरुको अनुभव आदान प्रदन बाँकि,

बर्दिया र कैलालिका गाउँपालिका नगरपालिकाहरुमा भएको भ्रमण कार्यक्रम सम्बन्धीका सबै खर्च रकम भुक्तानी दिन प्रमुख प्रशासकिय अधिकृतलाई निर्देशन दिने निर्णय गरीयो ।

**निर्णय नं. १६ विविध को ग** प्रस्ताव माथि छलफल गर्दा गुराँस गाउँपालिकाको वार्षिक कार्यक्रममा अति आवश्यकीय स्थानहरुमा पाईप र पहिरो तथा ढल व्यवस्थापनका लागि जालि खरीद गर्ने भनि रकम विनियोजना भएकोमा उक्त कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धीत वडाको सिफारीसका आधारमा भौतिक पूर्वाधार शाखा वाट सामाग्री उपयोग कार्यक्रमको लागत स्टीमेट तयार गरी सोको आधारमा सामान खरीद गरी उपलब्ध गराउने निर्णय गरीयो ।

**निर्णय नं. १६ विविध को घ** प्रस्ताव माथि छलफल गर्दा गुराँस गाउँपालिकाको खेलकुद क्षेत्रको समग्र विकासका लागि पालिका स्तरीय गुराँस भलिवल कप प्रतियोगिता संचालन गर्न विनियोजित रकम अन्तरगतको कार्यक्रम संचालन प्रस्ताव पेश गर्ने खेलाडी समूहलाई कार्यक्रम संचालनका लागि सम्बन्धीत शाखाको सहजिकरणमा कार्यगत संझौता गरी कार्यक्रम संचालन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. १६ विविध को** ङ प्रस्ताव माथि छलफल गर्दा गुराँस गाउँपालिका वडा नं. ८ स्थित कृषि सहकारी संस्थाले स्थानिय कृषक तथा कृषक समूहका लागि अनुदानमा आलु विउ उपलब्ध गराउने प्रयोजनार्थ जुम्ला जिल्लावाट आलुको विउ ल्याई वितरण गरेकोमा उक्त अनुदानको आलु विउ ढुवानीका लागि आर्थिक सहयोग माग भएकाले सम्बन्धीत शाखा संग समन्वय गरी सम्बद्ध खर्च शिर्षकमा रकम भुक्तानी दिन वाकी शिर्षकको रकम भए भुक्तानीका लागि आवश्यक समन्वय गरी रकम भुक्तानी गर्ने निर्णय गर्ने

**निर्णय नं. १६ विविध को च** प्रस्ताव माथि छलफल गर्दा गुराँस गाउँपालिकाको विगत आर्थिक वर्ष देखि सहुलियत खाध्यान्नका लागि ढुवानि अनुदान दिदै आएकोमा गुराँस गाउँपालिका वडा नं. ६ स्थित नवयुग कृषि सहकारी संस्थालाई गत आ.व.मा भएको सामान ढुवानी अनुदान उपलब्ध गर्न बाँकी रहेकाले भुक्तानी दिनुपर्ने आवश्यक अनुदान रकम शिर्षकको व्यवस्था गरी रकम भुक्तानी दिने निर्णय गरीयो ।

टोप बहादुर बि.सी.
अध्यक्ष

**निर्णय नं. १६ विविध को छ** प्रस्ताव माथि छलफल गर्दा गुराँस गाउँपालिकाका वडा नं. ६ को भिउचुला लिफ्टीङ खानेपानी योजना संचालनका लागि जिल्ला खानेपानी कार्यालय संग भएको सहमति संझौता अनुसार सोलार लिफ्टीङ्गको मुख्य लाईन र बाँकी भौतिक संरचना तर्फको कार्य गर्न आवश्यक प्रक्रिया भौतिक पूर्वाधार शाखा मार्फत अगाडी वढाउने निर्णय गरीयो ।

**निर्णय नं. १६ विविध को ज** प्रस्ताव माथि छलफल गर्दा गुराँस गाउँपालिकाका वडा नं ५ देखि गुरासे सम्म आगामी आ.व. मा संचालन हुनेगरी पर्यटकिय पद मार्ग र वगैचा निर्माण कार्यको र गुराँसे पातिकाल्ना कर्णाली राजमार्ग (स्याउली बजार) को DPR निर्माण गरी योजना कार्यान्वयन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. १६ विविध को झ** प्रस्ताव माथि छलफल गर्दा गुराँस गाउँपालिकाकाको हालको प्रशासकिय भवन निर्माण वापतको संझौता अनुसाको रकम निर्माण व्यावसायि गुराँस निर्माण सेवालाई (कृष्ण गिरी)भुक्तानी हुन बाँकी रहेको रकम आगामी सभावाट अनुमोदन हुने गरी अन्य भुक्तानिको शिर्षक भए सम्म रममान्तर पश्यात रकम भुक्तानी दिनेगरी भुक्तानी प्रक्रिया अगाडी वढाउने निर्णय गरीयो ।

**निर्णय नं. १६ विविध को ञ** प्रस्ताव माथि छलफल गर्दा गुराँस गाउँपालिका गाउँ कार्यपालिका वडा नं. ३ र ८ को वडाकार्यालयले शिर्षक सहित योजना रकममान्तर गरीपाउ भनि पेश गरेको शिफारीस मागपत्र अनुसार आगामी गउँसभावाट अनुमोदानहुने गरी हाललाई सेवा प्रवाहामा सहजिकरणका लागि तपसिलका योजना तथा कार्यक्रम रकमान्तर गर्ने निर्णय गरीयो ।

<u>तपसिल</u>

| क.स. | हालको शिर्षक | बजेट रु | रकमान्तर हुने शिर्षक | बजेट रु | कारण |
|---|---|---|---|---|---|
| १ | शि.न.५२ कृषि तथा पशुको सेवाकेन्द्र मर्मत तथा व्यवस्थापन भ्यूचुला र पातिकान्ला | ५०००००।- | धरमपोखरा-मिलनचौक सडक सुधार योजना, गुराँस ८ | ५०००००।- | प्रत्येक वर्ष मर्मत सम्भार खर्च थुप्रै लाग्ने गरेको । गुराँस ६, ७ र ८ का नागरीकहरुलाई आवतजावतमा असहज भएको |
| २ | शि.न.५४ खोप केन्द्र निर्माण तथा मर्मत वडा नं ३ | २५००००।- | भवन निर्माण तथा मर्मत वडा नं. ३ | २५००००।- | कार्य संचालन र कार्य प्राथकिताका आधारमा योजना संचालन गर्नु पर्ने भएकाले |
| ३ | वडा नं. ३ को वडाकार्यालय बगैचा निर्माण तथा व्यवस्थापन | २०००००।- | वडा कार्यालयको व्याकअप सोलार खरीद वडा नं ३ | २०००००।- | दैनिक कार्यसंचालनमा सहजताका लागि |

गुराँस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, दैलेख, रानीमत्ता, कर्णाली प्रदेश नेपाल

**निर्णय नं. १६ विविध को ट** प्रस्ताव माथि छलफल गर्दा गुराँस गाउँपालिकाको बिभिन्न निर्माण कार्यको लागि आवश्यकिय ठेक्का प्रक्रिया पुरा गरी निर्माण कार्य गर्दै आएका तपसिलका निर्माण व्यावसायिको निर्माण कार्यको ठेक्का म्याद थप गर्न गाउँपालिकाको ४७ औं बैठकका प्रस्ताव पेश भएकोमा सम्बन्धीत निर्माण व्यावसायिको म्यादथप कारण सहितको निवेदन, अनुगमन समितिको सिफारीस र भौतिक पूर्वाधार शाखाको विवरणात्मक टिप्पणी अनुरोधका आधारमा निर्माण व्यावसायिहरुको अन्य तोकिएका कानुनी प्रक्रिया पुरा गरी वढीमा २०८२ साल असार मसान्त सम्मका लागि अन्तीम पटक ठेककाको म्याद थप गर्ने निर्णय गरीयो ।

**तपसिल**

क) ठेक्का नं.GRM/WORK/NCB/02/2080-2081 श्री जगन्नाथ निर्माण सेवा विद्यालय भवन निर्माण

ख) ठेक्का नं.GRM/WORK/NCB/03/2080-2081 श्री न्यू कालिका कन्स्टक्सन मालिका मा.वि. विद्यालय भवन निर्माण ।

**निर्णय नं. १६ विविध को ठ** प्रस्ताव माथि छलफल गर्दा गुराँस गाउँपालिकाका वडा नं. ५ सल्लेरीडामा संचालनमा रहेको भगवती प्रा.वि.को विधालय भवन निर्माणका लागि जग्गा प्राप्तीका सम्वन्धमा विद्यालय व्यवस्थापन समितिको निर्णय सहित जग्गा प्राप्तीको आवश्यक प्रक्रिया अगाडी बढाउने माग भएकाले उल्लेखित विद्यालय भवन निर्माणका लागि जग्गा प्राप्तीका सम्बन्धमा छलफल गर्दा उल्लेखित विद्यालय वि.सं. २०६५ सालमा श्री ने.रा.प्रा.वि. बौद्ध गोगनपानी र भगवती प्रा.वि.गुराँस ५ दुई विद्यालय गाभिई दुवै विद्यालयलाई पायक पर्ने स्थान सल्लेरीडाँडाको सार्वजनिक जग्गा भोगचलन गरी विद्यालय संचालन गर्दै आएको र हाल सोहि विद्यालय संचालन हुदै आएको स्थानमा सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश सुर्खेतवाट २ कोठे भवन निर्माणका लागि चालु आ.व.मा रु ३० लाख बजेट विनियोजन भएकोमा विद्यालयसंग विद्यालयको नाममा जग्गा धनि पुर्जा नभएकाले विद्यालय भवन निर्माण गर्न कठिन भएकाले उक्त विद्यालयलाई हाल प्रयोग भएको सरकारी जग्गा प्राप्तीको लागि सहयोग तथा सहजिकरण गरीदिन हुन जिल्ला प्रशासन कार्यालय दैलेख, डिभिजन बन कार्यालय दैलेख र मालपोत कार्यालय दैलेखमा सिफारीस गरी पठाउने र सामाजिक विकास कार्यालय दैलेखलाई भवन निर्माणको लागि आवश्यक प्रक्रिया अगाडी बढाउन सिफारीस गर्ने निर्णय गरीयो ।

टोप बहादुर बि.सी.
अध्यक्ष

गाउँपालिका कार्यालय
दैलेख
कर्णाली प्रदेश नेपाल
२०७३